**प्रश्न नं. ३८**

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं. ४५१४ देखि ४६३५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

विराज थापा मगरको जाहेरीले नेपाल सरकार
बिरुद्ध
गुल्मी जिल्ला रेसुङ्गा न.पा. ६ बस्ने जगदीश थापा समेत

मुद्दाः-ज्यान सम्वन्धी कसूर

- मेरो छोरा वर्ष १९ को रोहन थापा मगरलाई पुरानो रिसइवी तथा २०७५।८।१ मा जिप नपठाएको भन्ने रिसइवीका कारण सोही दिन साझ चिनेका जगदिश थापा र अन्य नचिनेका केही केटाहरु भै रेसुङ्गा वनको तलतिरको बाटोमा लखटदै लगी ढुगां तथा धारिलो हतियार प्रहार गरी हत्या गरेको हुँदा पक्राउ गरी सजाय गरी पाउँ भन्ने समेतको विराज थापा मगरले जिल्ला प्रहरी कार्यालय गुल्मीमा दिएको जाहेरी दरखास्त ।
- मृतकको नाक मुखबाट रगत निस्की दात समेत भाच्चिएको ,मृतकको लास नजिक रगत लागेको ढुगांहरु समेत रहेको , घटनास्थलमा चक्कु फेला परेको भन्ने समेत व्यहोराको घटनास्थल तथा लासजाँच मुचुल्का ।
- टाउकोमा मुख्य चोटको कारण रोहन थापा मगरको मृत्यु भएको भन्ने मृतकको नामको पोष्ट मार्टम रिपोर्ट ।
- रेसुङ्गा न.पा. वडा नं. २ को रेसुङ्गा मा.वी. मा भलिबल खेली २०७५।८।१ मा घर फर्किने क्रममा अबेर भएकोले रोहन थापा मगरको जिप भएको र जिप पठाईदिन भनी खबर गर्दा अटेर गरी तम्घास भन्ने ठाउँमा जिप रोकी खाजा नास्ता खान लागेको बेला म जगदिश थापा समेतका साथीको भेटघाट भयो र रोहन थापा संग जिप नपठाएको भन्ने विषयमा अन्य साथी रुक बहादुर परियार , कृष्ण परियार , पुर्ण बहादुर नेपाली संग भनाभन भयो । त्यसको केही समयपछि ऐ.राती ८ बजेर ३० मिनेटको समयतिर रुक बहादुर परियारले ढुगां उचाली हाने, मैले लातले हानेको हुँ भन्ने समेत व्यहोरामा जगदिश थापाले अनुसन्धान अधिकारी समक्ष गरेको बयान ।
- लछिना परियार, सन्त ब. थापा , जगदिश थापा समेतको चोट प्रहारबाट जिप धनी रोहन थापा मगरको मृत्यु भएको हो भनी भनी लेखाईदिएको मौकाको कागज ।
- २०७५।८।१ गतेका दिन जिप धनी रोहन थापा मगरलाई जिप नपठाएको भनी ढुंगा मुडा प्रयोग गरी जगदिश थापा समेतले हानी मारेको हुँदा निजहरुलाई मुलुकी फौजदारी संहिता २०७४ को परिच्छेद १२ को दफा १७७ को कसुरमा ऐ. दफा १७८ बमोजिम सजाय गरी पाउँ भन्ने समेत व्यहोराको अभियोग पत्र ।
- प्रतिवादीहरुको अदालतमा ईन्कारी बयान
- गुल्मी जिल्ला अदालतबाट भएको फैसला
- उच्च अदालत दाङमा प्रस्तुत गरेको पुनरावेदन पत्र